CONTRIBUTIONS TO NEPALESE STUDIES
CNAS, TRIBHUVAN UNIVERSITY

Vol. 14, No. 3
August 1987

# पाल्पाका सेन राजाहरूका अठार अप्रकाशित पत्रहरू[1]

टेकबहादुर श्रेष्ठ

यो लेख पाल्पाका सेन राजाहरू संग सम्बद्ध १८ ऐतिहासिक पत्रहरू प्रकाशमा ल्याउने, उद्देश्यले प्रस्तुत गरिएको हो। २०४० सालमा गण्डकी प्रदेशको इतिहासका लागि सामग्री संकलन गर्ने सिलसिलामा पाल्पा, रामपुर गाउँ पञ्चायतका भू.पू. प्रधान पञ्च श्री भूपराज उपाध्यायबाट यस संकलनका १-८, १०-१५, १७ र १८ संख्याका पत्रहरू प्राप्त भएका हुन्। रामपुरकै श्री डिल्लीराम गौतम र श्री कोशराज रेग्मीबाट क्रमशः ९ र १६ संख्याका पत्रहरू प्राप्त भएका हुन्। यी पत्रहरूबाट पाल्पाको इतिहासमा निकै प्रकाश परेको हुँदा यस बारेमा यहाँ संक्षिप्त चर्चा गर्ने प्रयाश गरिएको छ।

नेपालको मध्यकालिन इतिहासमा गण्डकी प्रदेशका चौबीसी राज्यको महत्वपूर्ण स्थान रहेको छ। चौबिसी राज्यहरूमा पाल्पा राज्यले एक शक्तिशाली राज्यको भूमिका खेलेको पाइन्छ। मध्यकालको उत्तरार्द्धमा घर संख्याको आधारमा त्यस राज्यको नाम दिइने चलन अनुसार काठमाडौं उपत्यकाका राज्यहरूमा सबभन्दा बढी जनसंख्या भएको ललितपुर "२४ हजार" कर्णाली प्रदेशका बाइसी राज्यहरूमा जुम्ला '२२ हजार' कहलाए झैं पाल्पालाई '२६ हजार' पाल्पा भनिन्थ्यो[1]। यस दृष्टिले पाल्पा एक ठूलो राज्य रहेको थियो भने यसको भू-भाग पहाड र तराइ प्रदेशमा फैलिएको हुनाले अरू चौबीसी राज्यमहरूको तुलना यो राज्य आर्थिक दृष्टिले पनि निकै सम्पन्न रहेको थियो।

पाल्पाका राजाहरूमा मुकुन्द सेन प्रथम एक महत्वाकांक्षी राजा थिए। यिनका पालाका ऐतिहासिक सामाग्री धेरै अभाव छ। हाले यिनलाई संकेत गर्ने एउटा पानसको अभिलेख [2] र बुटवलमा प्रकाशित एउटा शिलालेख[3] पनि प्रकाशित भएका छन्। यिनको शासनकाल वि.सं. १५७५ देखि १६०० सम्म मानिएको पाइन्छ। यिनले पाल्पा राज्यलाई सैनिक दृष्टिले मजबुत पारी आफ्नो पूर्वजद्वारा स्थापित सानो राज्यलाई बिस्तार गरेका थिए। यिनले पूर्वी तराई प्रदेशमा राज्य बिस्तार गरी यस क्षेत्रको अस्तित्व जोगाएका थिए। अर्को तिर यिनले काठमाडौं-उपत्यकाका प्रसिद्ध राजा यक्ष मल्लको मृत्यु पश्चात

विभाजित तथा राजनैतिक अस्थिरता भएको उपत्यकामा पटक पटक आक्रमण गरेका थिए[4] । यिनले पाल्पा राज्यलाई निकै ठूलो राज्यमा परिणत गरेका थिए। यदि यिनले यो विजय अभियानलाई योजनावद्व रूपले अगाडि बढाएका भए श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहभन्दा दुई शताब्दी जति अगि नै नेपालको एकिकरण अभियान सम्पन्न हुने थियो भन्ने आचार्यज्यूको भनाई [5] सत्य देखिन्छ।

यो विशाल पाल्पा राज्य धेरै समयसम्म ठूल्लो रूप रहन नसकी विभिन्न राज्यहरूमा विभाजित भयो। यो राज्य विभाजन जस्तो घटना नेपालमा पहिलो पल्ट घटेको थिएन। यस भन्दा पहिले कर्णाली प्रदेशमा राज्य अभयमल्ल पछि विशाल खस राज्य टुक्रिए बाइस र पछि गण्डकी प्रदेशमा चौबीस राज्यको स्थापना भएका थिए भने काठमाडौं-उपत्यकाको मल्ल राज्य यक्ष मल्ल पछि विभाजन भएको थियो । यस किसिमको विभाजन एकातिर राष्ट्रिय एकता कमजोर पार्दथ्यो भने अर्कोतिर राज्यहरूलाई आ-आफ्नो अस्तित्व रक्षा गर्नाका साथै समृद्व पार्ने समस्या खडा गर्दथ्यो। पाल्पा राज्यको विभाजन अनुसार मुकुन्द सेनका छोराहरू मध्ये विनायक सेनले बुटवल र माणिक सेनले पाल्पा राज्यमा शासन चलाए।

विभाजन पछिको पाल्पा राज्यको पहिलो राजा माणिक सेन भए । सेन वंशावली अनुसार [6] माणिक सेनपछि पिरोज सेन, जगदीश सेन, पृथ्वी सेन क्रमशः राजा भएका थिए भने पाँचौ पुस्ताका त्रिलोक सेनलाई युवराज मात्र भनी माणिक सेनको वंश टुटेको कुरा थाहा हुन्छ। पाल्पाको सेन राजाहरूको विस्तृत वंशावली प्रकाशमा आएको छैन। यिनीहरूको वंश वृक्ष जस्तै सेन वंशावली मात्र प्रकाशमा आएको हुँदा यताबाट यी राजाहरूका शासनकालबारे थाहा पाउन गाह्रो छ। अर्कोतिर, शुरू शुरूमा यी राजाहरूका ऐतिहासिक पत्रहरू प्रकाशमा नआइसकेकोले यस बारेमा अध्ययन गर्न अरू गाह्रो भएको पाइन्छ। यसो हो ता पनि सामान्यतः एकजना राजालाई २५ वर्षको शासन अवधि दिइने इतिहासकारहरूको चलनअनुसार चार जनाको १०० वर्ष शासनकाल हुन आउँछ सेनको शासनकाल वि.सं. १६११ देखि शुरू हुने हुदाँ वि.सं. १७१० सम्म चार पुस्ताले राज्य चलाएको देखिन्छ। त्रिलोक सेनलाई राजामान्दा यिनको राज्यकाल वि.सं. १७११ देखि १७३५ सम्म मान्नु पर्ने हुन्छ।

राजा भूपति सेनको वि.सं. १७११ र १७१५ का दुइ पत्रहरू पाइएका छन्[7]। यी दुई मध्ये पहिलो पत्रलाई मुकुन्द सेन प्रथम पछिको पहिलो प्रामाणिक पत्र मान्न सकिन्छ। यो पत्रमा "....महाराज राज्ञी श्री रूक्मावती देवीनां श्री महाराजाधिराज श्री श्रीमद्भूपति सेन ..."भन्ने वाक्यांश परेको तथा मुकाम पाल्पा दिइएको हुँदा भूपति सेन पाल्पाका राजा थिए भन्ने कुरो निश्चित छ। तर वंशावलीमा भने भूपति सेनको नामोल्लेख कतै नपरेको हुदा यिनी कस्का छोरा र कुन समयमा राजा भएका थिए भन्ने बारेमा विचार गर्न आवश्यक हुन आउँछ।

यस संकलनमा भूपति सेनका दुई पत्रहरूबाट उपर्युक्त बारेमा विचार गर्न निकै सहयोग मिलेको छ। माथि दिइएअनुसार त्रिलोक सेनको राज्यकाल वि.सं. १७११ देखि १७३५ सम्म मानिएको छ । वि.सं. १७११ र १७१५ का पत्रहरू यही राज्यकाल भित्र पर्ने भएकाले त्रिलोक सेनको समयसंग मेल खाएको देखिन्छ "अर्को कुरो वंशावलीमा [8] त्रिलोक सेनकी आमा रूपमावती दिइएको छ भने यस संकलनको पहिलो पत्रमा भूपति सेनकी आमा रूक्मावती भएको देखिन्छ । यसबाट यहाँ रूक्मावतीलाई नै रूपमावती भनिएको हुन सक्छ भन्ने बुझिन्छ। यस कुराबाट त्रिलोक सेनको अर्को नाम भूपति सेन रहनु धेरै सम्भावना रहेको छ तापनि यस बारेमा अरू खोजी हुनु आवश्यक देखिन्छ।

भूपति सेनका (त्रिलोक सेन) पिता पृथ्वी सेनको देहान्तपछि अर्थात वि.सं. १७११ मा भुपति सेन र राजमाता रूक्मावतीको संयुक्त शासन चलेको पाइन्छ। राजा नाबालक हुनु आदि विभिन्न कारणले राजमाताले राजकाजमा सक्रिय भाग लिएको उदाहरण काठमाडौं-उपत्यकाका मल्ल राज्यहरूमा निकै पाइन्छन्[9]। वि.सं. १७११ को यस पत्रमा संयूक्त शासकले वंशमणि उपाध्यायसंग छपावन रू. २१०।- लिई तिलकपुरमा कुलो लाग्ने जग्गा दिएको कुरो परेको छ। यसको चार वर्ष पछि नै अर्थात वि.सं. १७१५ मा भूपति सेनले, वंशमणि उपाध्यायलाई पुनः छपावन र १००।- लिई कुश विर्ता गरिदिएको पत्रबाट यिनले एकलौटी शासन चलाएको कुरा स्पस्ट हुन्छ। राज्य विभाजन हुँदा विनायक सेनले नारायणी नदीको पश्चिमी समतल भूमि 'बुटबल' राज्य पाए। यिनले आफ्नो नाममा राज्यको नामकरण गरी बुटबललाई 'विनायकपुर' राखेका थिए[10]। वि.सं. १८६४ सम्म पनि

बुटबललाई विनयाकपुर भनिदै गरेको कुरा बुटबलस्थित नारायण मन्दिर अगाडिको श्री ५ गीवार्णयुद्ध विक्रम शाहको अभिलेखबाट [11] पनि पुष्टि हुन्छ। यस किसिमको चलन अरू राज्यमा पनि चलेको पाइन्छ। अठाह्रौं शताब्दीका उत्तरार्द्धमा चौबीसी मध्येको पर्वत राज्यका प्रसिद्ध राजा मलेवम मल्लले आफ्नो राज्यलाई सैनिक आर्थिक दृष्टिले मजवूतपारी नाममा राज्यको नामकरण गरी 'मलेवम' राखेका थिए। [12]

विनायक सेनपछि जसु सेन, दामोदर सेन, बलभद्र सेन र अम्बर सेन क्रमशः बुटबलमा राजा भएका देखिन्छन् [13] विनायक सेनपछिका राजाहरूमा अम्बर सेन एक प्रतापी राजा थिए। यिनको राज्यकाल वि.सं. १७११ देखि १७३५ सम्म रहेको अनुमान गरिएको छ तापनि यिनको वि.सं. १७५१ को पत्र [14] प्राप्त भएकोले यो अनुमानित समयभन्दा वढी शासन यिनले चलाएको देखिन आएको छ यिनको यो लामो शासन कालमा विभाजित पाल्पाका तात्कालिक राजाको वंश टुट्न गएको हुँदा यिनले सो राज्यलाई बुटबल राज्यमा मिलाएका थिए भन्ने ह्यामिल्टनको भनाई [15] रहेको छ। अर्कोतिर वंशावलीमा [16] अम्बर सेनले पाल्पामा चौतारा पद सम्हालेको तथा धेरै उद्योग गरेपछि पाल्पालाई आफ्नो राज्यमा गाभेको उल्लेख परेको छ। अम्बर सेनको वि.सं. १७५१ को पत्रमा पाल्पा मुकाम दिइएको हुँदा यिनले पाल्पामा पनि शासन चलाएको कुराको पुष्टि हुन्छ। यिनका छोरा गन्धर्व सेनले जारीगरेका पत्रहरूमा बुटबल, पाल्पा आदि विभिन्न स्थानहरूलाई मुकाम बनाएको उदाहरणबाट पनि बुटबल र पाल्पा एउटै राज्यमा परिणत भइसकेको कुरा प्रमाणित हुन्छ। अम्बर सेनले कुन मितिमा पाल्पालाई राज्यमा समावेश गरेका थिए भन्ने बारेमा निश्चित गर्न गाह्रो छ तापनि यो कार्य वि.सं. १७१० मा [17] नभएर वि.सं. १७१५ र १७५१ बीचको कुनै पनि समयमा भएको देखिन्छ।

अम्बर सेनले विभाजित बुटबल र पाल्पालाई एउटै राज्य बनाई एक महत्वपूर्ण कार्य गरेका थिए यसैले पनि यिनले आफ्नो प्रशस्तिमा [18] ".....श्री श्रीमद्राजराजेश्वर...." लेखाएको देखिन्छ। यस अर्थमा यिनले अरू सेन राजाहरूले भन्दा बेग्लै प्रशस्ति चलाएको पाइन्छ। यस किसिमको चलन अरू राज्यमा पनि देखिन्छ। काठमाडौं-उपत्यकाका कान्तिपुर राज्यका प्रसिद्ध राजा प्रताप मल्लले आफ्नो प्रशास्तिमा 'नेपालेश्वर' [19] लेखाएको पाइन्छ ।

यस संकलनका वि.सं. १७४१ र १७५१ का दुईपत्रहरू मध्ये वि. सं. १७४१ को पत्रमा 20 राजाको नाम दिइएको छैन तर यो पत्र अम्बर सेनको पालोको हो भन्ने देखिन्छ। खेतमा पानीको अंश बाँड्ने सम्बन्धमा भएको झगडा छिनिदिएको कुरो यसमा परेको छ। वि.सं. १७५१ मा अम्बरसेनले मणिराम उपाध्याय, जीवन उपाध्याय र ऋषि उपाध्याय बीच भएको झगडा छिनिदिएको थिए 21 । यसरी राजाले जनताबीच भएको झगडा सोझै छिनि दिने न्याय व्यवस्था त्यसताका भएको कुरो यसबाट प्रष्टिन्छ। गन्धर्व सेन, अम्बर सेनका छोरा थिए । यिनका वि.सं. १७५८ देखि १७६४ सम्मका पत्रहरू पाइएका छन्। यिनले आफ्नो लामो शासनकालमा गुल्मी र खाँचीको सहयोगले वलढयाङका 22 (वलिहाङ्ग) सामन्त शासकलाई आफ्नो अधिनमा ल्याई महत्वपूर्ण कार्य गरेका थिए। यस विजयमा संलग्न तीनै राज्यहरूले विजित प्रदेश बाँडी लिएका थिए । 23 यसरी गन्धर्व सेनले पाल्पालाई पश्चिमतर्फ अरू विस्तार गरेका थिए। त्यसताका यिनको गोरखासंग निकै राम्रो सम्वन्ध रहेको बुझिन्छ। यिनले आफ्नी छोरी कौशल्यावती विवाह गोरखाका राजा नरभूपाल शाहसंग गराइ दिएका थिए24 । रानी कौशल्यावती राष्ट्र निर्माता श्री ५ बडामहाराजाधिराज पृथ्वी नारायण शाहको जन्म भएको थियो।

गन्धर्व सेनका पत्रहरूमा वि.सं. १७५८ को यो पत्र 25 पहिलो देखापरेको छ। यसमा गन्धर्व सेनले किसान गाउँमा जग्गा बन्धक राखी धनपति उपाध्यायसंग रू १३।- लिएको कुरो छ। नेपालको आर्थिक इतिहासमा जग्गा बन्धक राखी लिइएको रकम मध्ये यो रकम सबभन्दा कम भएको देखिन्छ। यस्तै गरी राजा तथा राजकुमारहरूले सापट लिएका रकममा राजकुमार बहादुर शाहले वि.सं. १८३१ मा नुवाकोटमा ज्ञानदेउ धामीसंग लिएको रू १२।५० सबभन्दा कम रकम भएको 26 बुझिन्छ। कहिले काहीं राजपरिवारका सदस्यहरूलाई यत्ति थोरै रकमको खाँचो पनि पर्दो रहेछ भन्ने कुरो यसबाट थाहा हुन्छ।

गन्धर्व सेनले विभिन्न मितिमा विभिन्न व्यक्तिहरूलाई गरिदिएका पत्रहरू आर्थिक विषयसंग सम्वद्ध छन्। आर्थिक इतिहासमा विर्ता, गुठी आदि आवादी जग्गाको निकै महत्व रहेको थियो कुश विर्ता, सेवा विर्ता जस्ता विर्ताका अनेक भेद थिए। विर्ता जग्गा प्रायः राजाका प्रिय व्यक्तिहरू, प्रशासक,

पण्डित आदि वर्गको हातमा बढी पर्दथ्यो। गन्धर्व सेनले वि. सं. १७५६ मा धनपति उपाध्यायलाई विर्ता दिएका थिए। यिनले वि.सं. १७७१ मा धनपतिलाई कुश विर्ता दिएका थिए यसैगरी यिनले वि.सं. १७७५ र १७८५ मा अनन्त उपाध्यायलाई कान्त जोशीलाई वि.सं. १७८० मा र वि.सं. १७६४ मा नारायण उपाध्ययलाई विर्ता दिएका थिए। अहिले सम्म [27] यिनका शासनकालमा प्रकाशित सामग्रीमा वि.सं. १७६४ को पत्र पछिल्लो मान्न सकिन्छ।

गन्धर्व सेनपछि मुकुन्द सेन द्वितीय पाल्पाका राजा भए। यिनका वि.सं. १८०८ देखि १८३६ सम्मका पत्रहरू प्राप्त छन्। यी मध्ये वि.सं. १८०८ को पत्र [28] आज सम्म प्रकाशित पत्रहरूमा पहिलो देखा पर्छ। यसमा यिनले जग्गा वन्धक राखी परमानन्द जैशीसंग रू १११८।- लिएको कुरो छ। यिनले वि.सं. १८२० मा परमानन्दलाई पुनः विर्ता दिएका थिए।

महादत्त सेन वि. सं. १८३७ देखि १८५० सम्म पाल्पाका राजा भएको देखिन्छ। यिनी निकै चल्तापूर्जा थिए। यूवराज छँदै यिनी राजकाजमा सक्रिय थिए। वि.सं. १८२६ मा यिनले रामु उपाध्यायलाई विर्ता दिएका थिए। वि. सं. १८२७ मा गजरकोटटारबाट गरिदिएको पत्रमा [29] यिनले जग्गा वन्धक राखी कृष्णनन्दसंग रू २००।- लिएका थिए। यो गजरकोटटार तात्कालिक गजरकोट राज्यमा पर्दथ्यो। गजरकोट चौबीसी राज्य मध्येको एउटा सानो राज्य थियो [30] यो राज्य २ हजार घिरिङ राज्यबाट विभाजन भई 'नौवीस गजरकोट' भएको थियो। यहाँ सेन वंशका राजाहरूले शासन गरेका थिए। यहाँका अन्तिम राजालिलु सेन थिए भनिन्छ। यो सानो राज्यले चौबीसी राज्यको आन्तरिक राजनीतिमा पाल्पालाई साथ दिएको थियो। यहाँ गजरकोटलाई मुकाम बनाएको हुँदा महादन्त सेनले त्यसताकाको चलनअनुसार गजरकोटलाई आफ्नो पक्षमा मिलाउने सिलसिलामा गजरकोटको भ्रमण गरेको हुन वा यसताका गजरकोट पाल्पा राज्यमा गाभिइसकेको थियो भन्ने कुरो स्पस्ट हुँदैन।

महादत्त सेनले आफु राजा भएपछि विभिन्न व्यक्तिहरूलाई विर्ता दिएका थिए। यिनले वि.सं. १८५० मा भुवनेश्वर नाथलाई कुश विर्ता दिएका थिए [31] यो पत्र यिनका पालाका पछिल्लो पत्र भएको देखिन्छ। यिनले काशीराम जैशीलाई खरिदार पदमा नियुक्त गरी १०० मुरी उब्जनी हुने खेत जागीर दिएका थिए [32]। यसमा विक्रम संवत् अर्थात् नेपालमा प्रचलित कुनै

संवत् नदिएर सन ११६४ दिइएको छ। यो सन् इस्वी संवत् नभएर हिजरी संवत् भएको बुझिन्छ। यसमा सामान्यत (११६४+६५० = १८४४) जोडे बिक्रम संवत हुन्छ भन्ने कुरो महादत्त सेनको वि.स. १८४४ को अभिलेखबाट 33 बुझिन्छ। यसमा विक्रम, शाक र सन् संवत् दिइएका छन्। यहाँ सन् ११६४ मा ६५० जोडी वि.सं. १८४४ र ५१५ जोडी शाक संवत् १७०६ भएको पाइन्छ तापनि यो सन्मा ६५० जोडी विक्रम संवत् हुन्छ भन्ने नियम सबैमा लागू हुँदैन भन्ने कुरो अर्को उदाहरण बाट 34 स्पष्ट भएको छ। यो सन् संवत्को चलन वि.सं. १८६४ सम्म चल्दै आएको कुरो बुटवल स्थित नारायण मन्दिरको शिलापत्रमा विक्रम संवत् र सन् संवत्को प्रयोग भएबाट प्रस्टिन्छ। महादत्त सेनले गोरखाको एकीकरण अभियानमा सैनिक सहयोग दिएर महत्वपूर्ण कार्य गरेका थिए। यिनले राजकुमार बहादुर शाहबाट सहयोग गरेवापत गुल्मी अर्घा र खाँचीका साथै प्रशस्त सम्पत्ति पाएका थिए 35 । यिनले पाल्पामा 'श्रीनगर' को निर्माण गराएका थिएर यस कार्यमा छब्बिस हजार पञ्चको श्रम परेको थियो भन्ने कुरो अभिलेखबाट 36 प्रष्ट हुन्छ।

पृथ्वीपाल सेन पाल्पाका सेन वंशमा अन्तिम राजा थिए। यिनी वि.सं. १८५१ मा राजा भएका थिए। हीमानन्द उपाध्यायलाई कुश विर्ता गरिदिएको यो पत्र यिनको शासनकालको पहिलो पत्र 37 भएको देखिन्छ । यिनले वि.सं. १८५२ मा कुलो फोड्नेलाई रू १०१।- दण्ड दिने व्यवस्था बाँधेका थिए 38 । यसबाट यिनी राज्यमा सिंचाइको व्यवस्था गरी कृषि उत्पादनमा वृद्धि गर्ने कुरोमा निकै चासो लिन्थे भन्ने बुझिन्छ। वि.सं. १७११ मा नै पाल्पामा सिंचाइको व्यवस्था भइसकेको देखिन्छ 39 ।

पृथ्वीपाल सेनले वि.सं. १८५१ देखि १८६१ सम्मको अवधिमा राजनैतिक तथा आर्थिक संकट निकै ब्यहोर्नु परेको थियो। यिनी र श्री ५ रणबहादुर शाह बीच मेल मिलाप थिएन। रणबहादुर शाह काशीबाट फर्केपछि पृथ्वीपाल सेनलाई उनकी बहिनीसंग विवाह गर्ने बहना गरी काठमाडौं बोलाइयो। काठमाडौं उत्रने वित्तिकै पृथ्वीपाल सेन र सेनका भारदारहरू पक्रिए। यसको लगत्तै वि.सं. १८६१ मा अमरसिंह थापाको नेतृत्वमा गएको फौजले पाल्पा विजय ग-यो 40 । पृथ्वीपाल सेन वि.सं. १८६३ वैशाख १५ मा रणबहादुर शाहको हत्याको अभियोगमा मारिए41 ।

राजा भूपति सेनदेखि पृथ्वीपाल सम्मका प्रकाशित पत्रहरूको शिराभागमा 'श्री राम श्रीभवानी ऋषि केशौं जयत' शब्दहरू परेका छन्। कृष्णगण्डकीले सिंचेको भूमि वैष्णव क्षेत्र मानिएको पाइन्छ यस नदीको प्रवाह संगसंगै वैष्णव सम्प्रदायको लहर चलेको थियो भन्ने कुरो यसका निकट वती राज्य पाल्पा पर्वत, तनहुँ, गुल्मी आदिका राजाहरू वैष्णव सम्प्रदायम अन्तर्गतका राम र कृष्ण भक्त देखिएबाट पनि स्पस्ट हुन्छ।

नेपालमा विभिन्न राजवंशले बेग्ला बेग्लै खालका प्रशस्ति चलाएको पाइन्छन्। पाल्पाका सेन राजाहरूले आफ्नो प्रशस्ति स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावली विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री (राजाको नाम) देवानां सदा समर विजयिनाम् शैलीमा चलाएको पाइन्छ। यही शैली तनहुँ, मकवानपुर आदिका सेन राजाहरूले अपनाएका छन्। आठ टीका शाह वंशका राजाहरूले भने आफ्नो प्रशस्तिमा रूपनारायणेयादिको सट्टामा 'श्री गिरिराजचक्र चुडामणि नारायणेत्यादि' राखेको पाइन्छ । गुल्मीका शाह राजाहरू जो आठ टीका राजवंशमा पर्दैनन् कालामकवानी कहलाएका थिए। यिनीहरूले सेन राजाहरूले भैं प्रशस्ति चलाएका थिए[42] । काठमाण्डौं-उपत्यकाका राजा जयस्थिति मल्लले आफ्नो प्रशस्तिमा 'असुरनारायणेत्यादि शब्दको प्रयोग गरेका छन्[43] भने अरू केही मल्ल राजाहरूले 'दैत्यनारायण' 'लक्ष्मीनारायण' शब्दको प्रयोग गरेको[44] देखिन्छ पर्वतका मल्ल राजाहरूको विशेष प्रशस्ति पाइन्दैन तर यिनीहरूले 'स्वस्ति श्री मन्महाराजा (राजाको नाम) देव' मात्र भनी काम चलाएको पाइन्छ[45] । यसरी प्रशस्तिको स्वरूप राजवंश पिच्छे केही न केही फरक भएको पाइन्छ।

पाल्पाका सेन राजाहरूले जारी गरेका विभिन्न पत्रहरूमा बुटवल, पाल्पा प्रभास, दक्षौ, श्रीनगर किसानवारी आदि मुकामहरूको उल्लेख परेको छ। यसबाट त्यसताका राजाहरू राज्यका विभिन्न प्रदेशमा गई राज्य वा युद्ध संचालन गर्दथे भने अर्को तिर यिनीहरू जनताका समस्यासंग प्रत्यक्ष परिचित हुन सक्दथे भन्ने कुरो स्पस्ट हुन्छ।

पाल्पाको यी ऐतिहासिक पत्रहरू तात्कालिक राजनैतिक तथा आर्थिक इतिहासमा निकै प्रकाश पार्ने भएकाले पाल्पा सम्बन्धी अध्ययन गर्ने पाठकहरूलाई निकै सहयोग मिल्ने आशा लिन सकिन्छ। अन्तमा यस

संकलनका पत्रहरू देखाइ सहयोग गर्नु हुन रामपुरका श्री मूपराजव उपाध्याय, श्री डिल्लीराम गौतम तथा श्री कोशराज रेग्मी प्रति आभार व्यक्त गर्न चाहन्छु।

## ऐतिहासिक सामग्री

(१)

### राम

१. स्वस्ति श्री रूपनारायणेत्यादि विविद्य विरूदावली विराज -
२. मान मानोन्नत महाराज राज्ञी श्री रूक्मावती देवीनां
३. श्री महाराजाधिराज श्री श्री मदभुपति सेन देवा -
४. नां शदा शमर विजयिनां -
५. वंसमनि उपाध्याके वृत्ति दिहल तिलकपुर कु -
६. ला पानि जेठे ढुढरवैक षाइल सिवान
७. के दिहल छपावन रूपैंया २०० सय दुइ वा -
८. धक रूपैया मह पारल इति संवत् १७११
९. वैशाष वदि ५ मुकाम पालपाक कोटमह

(२)

### राम

१. स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावलि विराजमान मानो (न्नत) श्री
२. महाराजाधिराज श्री श्रीमदभुपति सेन देवानां सदा समर विजइनां
३. वंसमनि उपाध्याके वृत्ति दिहल कुस नाइके
४. नि डिहि समेत दिहल छपावन रूपया १०० एकसय इति संवत्
५. १७१५ वैशाष वदि १२ रोज भौमे मुकाम जोगे -- निकट

(३)

## राम

१. स्वस्ति श्रीउपाध्या चंद्रमनि तथा उपाध्या गजाध -
२. र तथा उपाध्या निलकंठ के अंश पाच मिलि
३. प्रछिन्न के दिहल विहरि मल्यांग के छेउ के
४. षंड पानि पाच ५ अंश उमरके चार अंश उपरके षं -
५. डके पैडाके वियाज कात्तिके षेत कसिहा -
६. निके आधा जेठास उतिक चंद्रमनि पाध्याके अं -
७. श आजु से फिरि भगरा नास्ति एहि वातके सा -
८. छि उपाध्या हरिहर साछि उपाध्या विरभद्र साछि उ -
९. पाध्या पितांवर साछि उषध्या मनिकंठ साछि पंडि -
१०. त मनोहर इतिसंवत् १७४१ समये भाद्र शुदि ७ रोज यक

(४)

## राम
## श्री भवानी हृषिकेशौ जयतः

१. "स्वस्ति श्री रूप्नारायणेत्यादि वि (विध) विरूदावली विराजमान
२. मानोन्नत महाराजाधिराज श्री श्री श्री मद्राजराजेश्वर
३. श्री श्री मदंम्वर से्न देवानां सदा समर विजयिनां
४. मनिराम उपाध्या जीअन उपाध्या रिषि उपाध्या तीनिउ
५. भाई न्याइ श्रेलहि द (झ) गरा प्रछीन के दिहल फेरि --
६. -- झै झगरा करे तो चार निसान गुनहगारि देइ इति
७. संवत् १७५१ साल असार शुदी १३ मुकाम पालपा

(५)

## श्रीराम

१. स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावलि
२. विराजमान मानोन्नत महाराजाधिराज श्री श्री
३. मद्गनधर्व सेन देवानां सदा समर विजयीनाम्
४. धनपति पाध्याके हाथ वाधा राषल कीसान

५. गावके भुइ आपन षेत सें पछिव वारे दषिन वो -
६. र घाघ के सिवान पछिवओर पैडा राषिकें को
७. लिया के सिवान उतरवारे पनियार के मभ्का
८. र के सिभ्कुकेवार षयरकेवोट पूर्ववोर पैडा राषि
९. के आपन सिवान कुलासे हेट निकास रा -
१०. षि दिहल रूपैआ १३ अद्वारेपि तेरह जव रू -
११. पैआ देइ तव छुटे संवत् १७५८ भादव वदि १३ दर्छा

(६)

## श्रीराम
## श्री भवानी हृषिकेशौ जयतः

१. स्वस्ति श्री रूपनारायणेत्यादि विविध विरूदावलि
२. विराजमान मानोन्नत महाराजाधिराज श्री श्री म -
३. द्गन्धर्व सेन देवानां सदा समर विजयीनाम्
४. धनपति पाध्याके डिहि कसाटा वृत्तिक वृत्ति दिहल
५. वेभ्काडके सोभ्का पूर्ववोर कीला दक्षिण वोर आपन वृ -
६. त्ति के सोभ्का उत्तरवोर वृत्ति के सोभ्का पुछहार पछीववो -
७. र वृत्ति आपन सिवान के दिहल इति संवत् १७५९
८. चैत्र सुदि ४ मु. पिलवा

(७)

## श्रीराम
## श्री भवानि रीषीकेशौ जयतीः

१. स्वस्ति श्री रूपनारायणेतयादि विविध विरूदाव -
२. ली वीराजमान मानोनत श्री महाराजाधिराज
३. श्री श्री श्री मदगंधर्व सेन देवानां सदा समर वी -
४. जइनां
५. धनपति पाध्याके वुत्ती दिहल अपने हाथ वा -

६. धा रहल जे डिहि से डिहि कुस वृत्त के दिहल
७. इति आस्वीन सुदि ८ रोज ३ मुकाम पाल्पा
८. संवत् १७७१

(८)

### श्रीराम
### श्री भवानी हृषिकेशौ जयतः

१. स्वस्ति श्रीरूपनारायणेतयादी वीवीध वीरदावली वी -
२. राजमान मानोन्नत श्री माहाराजाधीराज श्री श्री श्री मदगं -
३. धर्व सेन देवानां सदा समर वीजइनाम्
४. अनन्त पाध्या के वृत्ती दीहल किसान गावमह आपन
५. षेत के पुछाहार पूर्ववर ढुँगाना के डहर पछी -
६. ववर जेसी वनीया के दही सही संवत् १७७५
७. समर चैत्र वढी ३० रोज ५ मुकाम वटवली सुभं

(९)

### श्रीराम
### श्री भवानी हृषिकेशौ जयतः

१. स्वस्ति श्री रूपनारायनेतयादि वीवीध वीरदावली वी -
२. राजमान मानोन्न श्री माहाराजाधीराज श्री श्री
३. श्री मद्‌गंधर्व सेन देवानां सदा समर वीजइनां
४. कांत जैरीके कुस वृत्ता के दीहल मटीयानी षे -
५. त डीही मित के दीहल पछिववर षोला सा -
६. ध उत्तरवर पुनी षोला साध पूर्ववर पोषन्या -
७. ल के साध निकास राषी के वृत्ता के दीहल सं -
८. वत् १७८० समपू मार्ग वढी रोज ३ मुकाम प्र -
९. मास सुभम

(१०)

## श्रीराम
## श्री भवानी हृषिकेशौ जयतः

१. स्वस्ति श्री रूपनारायनेत्यादि वीवीध वीरदाव -
२. ली वीराजमान मानोननत श्री महाराजाधी -
३. राज श्री श्री श्रीमद्गंधर्व सेन देवानां सदा स -
४. मर वीजइनाम्
५. अनंत्त पाध्या धनपाती पाध्याके कुस वृत्ता के
६. दीहल कीसान गाव के डीही पुरूव उत्तर डह -
७. र के साध पछीव ठीक रत्नेस्वर जैसी के सा -
८. ध पछीव जेनेकर तहोंसे वृत्ता के दिहल संव -
९. त १७८० मार्ग वदी१२ रोज ३ मु. पाल्पा सुभं

(११)

## श्रीराम
## श्री भवानी हृषिकेशौ जयतः

१. स्वस्ति श्री रूपनारायणेतयादि विविध वि -
२. रूदावलि विराजमान मानोन्नत श्री माहा
३. राजाधिराज श्री श्री श्रीमदगंधर्व सेन देवा-
४. नां सदा समर विजयीनाम्
५. आगे नारायेन पाध्याके डुम्रि वोध्या षेत
६. मह कुला के डोरा वेजहाड मह लेइजाए
७. के कुस व्रिताके दिहल संवत् १७६४
८. साल माह भाद्र वदि २ रोज ४ मोका -
९. म पालपा सुभम्

(१२)

## श्रीराम

स्वस्ति श्रीस्वरचरणस्मरणपूर्वक रूपनारायणेत्यादि विविध विरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधीराज श्री श्री श्रीमन्मुकुन्द सेन बहादुर देवानां सदासमर विजयिनाम्

आगे परमानंद जैसी के बाधा दिहल षेत सीमस्या वासोनो मसु-कट्टी तेकर रूपया यक हजार यक सै अठ्ठार १११८ जब दाम रूपैया दशमासि जेव दाम तव वाधा छटैमि।

वैसाष १५, १८०८ साल मुकाम जेन्नह शुभ्

(१३)

## श्रीराम

स्वस्ति श्री स्वर चरणस्मरणपूर्वक रूपनारायणेतयादी विविधविरूदावलि विराजमान मानोन्नत श्री मन्महाराजाधिराज श्री श्री श्रीमन्मुकुन्द सेन बहादुर देवानां सदा समर विजयिनाम्

आगे परमानंद पाध्याके षेत गुमडहाहान मुरा २ सय डिहि समेत
वृत्ति सदर्थ के तेकर सिवान पूर्ववोर विर्तासाध पश्चिम
वोर साल वोटयाक सांध उत्तरवोर विदि षांला सांध के
दिहल १८२० साल चैत्र शुदि ४ रोज ६ मुकाम प्रभास शुभम्

(१४)

## श्रीराम

पत्रशहि

१. स्वस्ती श्री श्री माहाराजाधीराज युवराज श्री
२. श्री मन्मा (हा) दत्ता सेन देवानां सदा समर वी -
३. जइनाम्
४. रामु पाध्याको डहर चापाको वोट ठाठी
५. थीको रइकर भयो तेस्को साटो वीरवाका
६. सीराहानको वस्या विर्ता भयो समत
७. १८२६ ------ साठो भयो वढी च-
८. इत्र १० मुकाम कीसनवारी सुभं

(१५)
## श्रीराम

पत्रशाहि

१. स्वस्ति श्रीश्वरचरणस्मरण पूर्वक रूपनारायणेत्यादि
२. विविध विरूदावली विराजमान मानोन्नत श्रीमहारा -
३. जाधिराज कुमार युवराज श्री श्री श्रीमन्महादत्त सेन
४. देवानां सदा समर विजयिनाम्
५. आगे कृस्नानंद घिमिन्याकन तेगारामका षायल
६. मध्य रानीसेरामाहा मुरी ४० चालीस षेत रूपत्रा
७. २०० दुई शयका वाधा दीया चलन दश मासी
८. संवत् १८२७ मिति माघ सुदी ८ रोज ५ मुका -
९. म गजकोंटटार शुभं

(१६)
## श्रीराम

पत्रशाहि

१. स्वस्ति श्रीस्वरचरणस्मरणपूर्वक रूपनारायणत्यादि वि -
२. विध विरूदावलि विराजमान मानोन्नत श्रीमन्महाराजा -
३. धिराज श्री श्री श्रीमन्महादत्त सेन बहादुर दवानां सदा स-
४. मर विजयिनाम
५. आगे कासिराम जैसि के षरिदारि दिहल तेक -
६. र षायेन १०० मुरि षेत जागीर और देस मांहां षरि -
७. दारकें षायेन साविक मरि हाक बुटबलि सायेर मे -
८. साविक षायेन दिहल आपन षात्रीज्मासे षांहि मिती पौष त-
९. षिजम तमे हाजिर रहें सन ११९४
१०. दि ८ रोज ४ मुकाम प्रभास सुम्भ

छेउमा- विजैसिकें षायल हुदसें मे १०० मुरि दिहल

(१७)

## श्री राम

पत्रशाही

स्वस्ति श्री स्वरचरणस्मरणपूर्वक रूपनारायणेत्यादि विविध विरूदावली विराजमान मामनोन्नत श्रीमन्महाराजाधिराज श्री श्री श्री मन्महादत्त सेन बहादुर दवानां सदा समर विजयिनाम्
स्वस्ति श्री गोसाइ भुवनेश्वर चाथ के गैडीमे २०० मुरी षेत नाथ पालीवनमे सिषर
घडेहारी सुधा कुश विर्ता के दिहल आपन षात्रीज्मासे विर्ता षाही आसीर्वाद
देही षेतकें सेवाना दषिनवर आचार्य के विर्ता पूर्ववर कुला उत्तर किलो ढुंगो
पश्चिम षोलसि सांध गैडिकें डिहिकें साध पूर्वका गलषोलसी दषीन
वर वोही षोलसी कें सिर पश्चिम गहिरि षोलसी उत्तरवर दुर्मह
साध षालि वनमे घडेहारि पश्चिम अर्ज्यालकें विर्ता दषिन पैडा
उत्तर ठीक पूर्व कहेल के रूष सांध के दिमहल सम्वत् १८४० साल वैशाख सुदी १२ रोज ४ मुकाम श्रीनगर शुम्भ

(१८)

## श्री भवानि हाषकेशौ जयति

पत्रशहि

१. स्वस्ति श्रीश्वरचरणस्मरणपूर्वक रूपनारायणेत्या -
२. दि विविध विरूदावलि विराजमान मानोन्नत श्रीम -
३. न्महाराजाधीराज श्री श्री श्रीमत्पृथ्वीपाल सेन वहा -
४. दुर देवानां सदा समर विजयिनाम्
५. आगे हिमामनूंद उपाध्याके डुम्रि वोद्यामे ६० मुरि
६. षेत डिहि समेत कुस विर्ता के दिहल षात्रीजमा
७. से विर्ता षांहि विर्तिया सरहमे गिजमत करैं आ -
८. सिर्वाद देहि तेकर सिवान पूर्व दषिन कुला सा-

९. ध दस मुरि राषी के परिचमवोर भट्टराइके वि -
१०. तो सांध उत्तरवोर पैडा सांध डिहिके सांध
११. पूर्व भटराइ के विर्ता के साधं परिचम ठिक सां -
१२. ध दषितवोर भटराइ के विर्ता के सांध उत्तर -
१३. वोर वारके सांध के दिहल मुडिषोकमे येक घ -
१४. डेहारि तिन माना मकाइ जवैया वारि समेत
१५. दिहल सवत् १८५१ साल कार्तिक सुदि ४ रो २
१६. मुकाम पाल्पा शुभं

# टिप्पणी

1 धनवज्राचार्य र टेक बहादुर श्रेष्ठ, **पाल्चाली शासन पद्धतिको एतिहासिक विवेचना** (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं., २०३५) पृ.७३-४

2 मोहन प्रसाद खनाल, **चाँगुनारायणका ऐतिहासिक सामग्री** (कीर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, वि.सं., २०४०), पृ. २१८

3 बुटवल क्षेत्रमा निकै खण्डित र अस्पष्ट अवस्थामा प्राप्त एउटा शिलालेखमा दिइएका अंक र लिपिलाई ध्यानमा राख्दा मुकुन्द सेनको वि.सं. १५६५ तिरको अभिलेख यो हो भन्ने अनुमान निकै मिल्दो देखिन्छ।
रमेश ढुंगेल, "विनायकपुर क्षेत्रको ऐतिहासिक तथा पुरातात्विक महत्व," **मधुपर्क**, १७।१० (फागुन, २०४१), पृ. ३८

4 महेशराज पन्त र दिनेशराज पन्त, "नेपाल खाल्डोमा पाल्पाली राजा मुकुन्द सेनको हमलाको प्रमाण वाक्य" **पूर्णिमा**, ११।२ (पौष, २०३६) पृ.१०१-२

5 बाबुराम आचार्य "तनँहुको सेन वंश" **भानुस्मारक ग्रन्थ**, संपा सूर्य विक्रम ज्ञावाली, (दार्जिलिङ्ग) नेपाली साहित्य सम्मेलन, इ. १९६७), पृ. ६५

6 शंकरमान राजवंशी, संपा, **सेन वंशावली** (काठमाडौं : श्री ५ को सरकार पुरातत्व र संस्कृसित विभाग, २०२०) मृ. ६.

7 ऐतिहासिक सामग्री १ र २ संख्या

8 राजवंशी, पूवर्वत् टिप्पणी ६, पृ. ६

9 डि. आर रेग्मी, **मेडिइभल नेपाल** भाग २ (कलकत्ताः फर्मा के. एल. मुखोपाध्याय, इ. १९६६), पृ. ५१२-३

10 राजवंशी, पूर्ववत, टिप्पणी ६, पृ. २४

11 यो अधिलेख केन्द्रको संग्रहमा छ।

12 फ्रान्सिस वुकनान् हयामिल्टन, यान अकाउण्ट अफ दि किङ्डम अफ नेपाल, पूनर्मुद्रण (न्यू दिल्ली : मञ्जुश्री पब्लिशिङ्ग हाउस, इ. १९७१), पृ. १३१ -२

13 राजवंशी, पूर्ववत् टिप्पणी ६, पृ. २६-७.

14 ऐतिहासिक सामग्री ४ संख्या

15 हयामिल्टन, पूर्ववत् टिप्पणी १२, पृ. १७०.

16 राजवंशी, पूर्ववत् टिप्पणी ६, पृ. २६.

17 तोत्रराज पाण्डे र नयराज पन्त, नेपालको संक्षिप्त इतिहास काशी : तोत्रराज पाण्डे, २०४४), पृ. १४२

18 ऐतिहासिक सामग्री ४ संख्या

19 डि. आर. रेग्मी, मेडिइभल नेपाल भाग ३ (कलकत्ता : फर्मा के. एल. मुखोपाध्याय, इ. १९६६), पृ. ३३

20 ऐतिहासिक सामग्री ३ संख्या

21 ऐतिहासिक सामग्री ३ संख्या

22 यो वलिहाङ्ग लुम्विनी अञ्चल अन्तर्गत अर्घा खाँची जिल्लाको ठाडा गाउँको दक्षिण पूर्वमा पर्दछ।

23 हयामिल्टन, पूर्ववत् टिप्पणी १२३, पृ. १७१

24 उही, पृ. १७१

25 ऐतिहासिक सामग्री ५ संख्या

26 शंकरमान राजवंशी "नुवाकोटमा उपलब्ध ऐतिहासिक उपकरण" प्राचीन नेपाल - १० (माघ, २०२६), पृ. ३८

27 ऐतिहासिक सामग्री ११ संख्या

28 ऐतिहासिक सामग्री १२ संख्या

29 ऐतिहासिक सामग्री १५ संख्या

30 ह्यामिल्टन पूर्ववत् टिप्पणी १२, पृ. १८४

31 ऐतिहासिक सामग्री १७ संख्या

32 ऐतिहासिक सामग्री १६ संख्या

33 बज्राचार्य र श्रेष्ठ, पूर्ववत् टिप्पणी १, पृ. ७३-४.

34 दिनेशराज पन्त, सावधान-पत्र २६ संख्या, संशोधन मण्डल, (३० श्रावण, २०३५), पृ. ९-१०

35 शक्तिवल्लभ अर्ज्याल, जयरत्नाकर नाटक, संपा धनवज्रु वज्राचार्य र ज्ञानमणि नेपाल (काठमाडौं ; नेपाल सांस्कृतिक परिषद, २०१४) पृ. १४२, २३४

36 वज्राचार्य र श्रेष्ठ पूर्ववत् टिप्पणी १, पृ. ७३-४

37 ऐतिहासिक सामग्री १८ संख्या

38 टेकबहादुर श्रेष्ठ, "पाल्पाका सेनराजाहरूका केही अप्रकाशित पत्रहरू" भ्वाइस अफ हिष्ट्री ८।१, डिसेम्बर, १९८२) पृ. ७४.

39 आजभन्दा तीन शताब्दी जति अगि सिंचाइको व्यवस्था भएको पाल्पा रामपुरका किसान गाउँ किसानवारी र तिलकपुरमा आज पनि यो सुविधा यथावत् छ भने अर्को तिर किसान वारी संगै जोडीको वेफाड तीन शय वर्ष पछि पनि उही बाँझै अवस्थामा अर्थात सिंचाइ

सुविधाबाट वन्चितै रहेको छ । यसबाट त्यस भेकमा सिंचाइको विस्तार-कार्यक्रम ठप्प भएको देखिन्छ।

40 बाबुराम आचार्य "गोरखा विजयकालका घटना" पूर्णिमा, ७।३ ( आश्विन, २०३६), पृ. १६९.

41 चित्तरञ्जन नेपाली, श्री ५ रणबहादुर शाह (काठमाडौं : श्रीमती मेरी राजभण्डारी, (२०२०), पृ. २३-४

42 टेकबहादुर श्रेष्ठ "गुल्मी राज्यको राजनैतिक इतिहास र केही अप्रकाशित ऐतिहासिक सामग्री" कन्ट्रिब्यूशन्ज टु नेपलिज् स्टडिज् ११।१ (पौष, २०४०), पृ. १०६-१०

43 रेग्मी पूर्ववत् टिप्पणी १६, पृ. ३३.

44 उही पृ. १४०

45 टेकबहादुर श्रेष्ठ, पर्वत राज्यको ऐतिहासिक रूपरेखा. (कीर्तिपुर : नेपाल र एशियाली अनुसन्धान केन्द्र, २०४२) पृ. ४२